## मालिका गाउँ कार्यपालिकाको ८०औं बैठक/स्थान:अध्यक्ष ज्यूको कार्यकक्ष

मिति २०८३ साल श्रावण महिनाको ७ गते विहिवार

अध्यक्षता: श्रीमान् बेग प्रसाद गर्बुजा ज्यू ,गाउँपालिका अध्यक्ष

| क्र.सं. | नाम,थर | पद/कार्यालय | हस्ताक्षार |
|---|---|---|---|
| १. | श्री बेग प्रसाद गर्बुजा | अध्यक्ष, मालिका गा.पा. | |
| २. | श्री लक्ष्मी देवि घर्ति मगर पुन | उपाध्यक्ष,मालिका गा.पा. | |
| ३. | श्री मान सिं सापकोटा | का.वा.वडा अध्यक्ष, मालिका-१ | |
| ४. | श्री उदय कुमार बुढाथोकी | वडा अध्यक्ष,मालिका-२ | |
| ५. | श्री मोति प्रसाद बुढा | वडा अध्यक्ष,मालिका-३ | |
| ६. | श्री भजेन्द्रमान पुन | वडा अध्यक्ष,मालिका-४ | |
| ७. | श्री मिम पुन | वडा अध्यक्ष,मालिका-५ | |
| ८. | श्री पथ बहादुर रोका | वडा अध्यक्ष,मालिका-६ | |
| ९. | श्री टक बहादुर पुन | वडा अध्यक्ष,मालिका-७ | |
| १०. | श्री अनुप गौचन | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| ११. | श्री मन कुमारी पुन | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १२. | श्री प्रतिक्षा वि.क. | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १३. | श्री देवि पटेल | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १४. | श्री छरदेवी घर्ती | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १५. | श्री दल बहादुर खड्काथोकी | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १६. | श्री हरिश्चन्द्र ढकाल | प्र.प.अ.,मालिका गा.पा. | |
| | अन्य उपस्थिति | | |
| १७. | आराम थापा मगर | प्रशासकीय अधिकृत | |
| १८. | बसन्त थापा मगर | सहायक प्रशासकीय अधिकृत | |
| १९. | | | |

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
गण्डकी प्रदेश नेपाल
२०७३

## निर्णयहरु:

**प्रस्ताव नं. १: सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

**निर्णय:** आ.व.२०८२/०८३ मा मालिका गाउँपालिका मार्फत भए गरेका विकास निर्माण तथा सेवा प्रवाह प्रभावकारिता सम्बन्धमा सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन २०६४ को दफा ३० तथा ऐ. नियमावली २०६५ को नियम १९ बमोजिम मिति २०८३/०४/१२ र १४ गते क्रमश राज्यको चौथो अङ्गको सहजिकरणमा वार्षिक प्रगति समिक्षा एवम् सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२: दररेट स्वीकृत सम्बन्धमा ।**

**निर्णय:**सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन) सहितमा भएको व्यवस्था बमोजिम म्याग्दी जिल्ला दररेट निर्धारण समिति मार्फत स्वीकृत भएको आ.व.२०८३/०८४ को निर्माण सामाग्री, ढुवानी ,मेसिन तथा उपकरहरुको भाडा ,कामदारहरुको ज्याला तथा अन्य विभिन्न सामाग्रीहरुको कायम जिल्ला दररेट यस मालिका गाउँपालिकामा चालु आ.व.मा लागु हुने गरे स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३: कवाडी कर ठेक्का सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिका क्षेत्रभित्र उत्पन्न हुने कवाडीलाई व्यवस्थित गरी आन्तरिक आयमा बढ्ढोतरि ल्याउन आन्तरिक आय संकलन बन्दोबस्ती कार्यविधि बमोजिम रु १ लाख ५० हजार न्युनतम कबोल रकम तोकी कवाडी संकलन सम्बन्धी टेण्डर आह्वान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४: क्रसर उद्योग सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिका वडा नं.०५ फेदिमा रहेको क्रसर उद्योग सञ्चालन सम्बन्धमा स्थानीय जनसमुदायको लिखित गुनासो प्राप्त भएको हुँदा सो क्रसर सञ्चालनका सम्बन्धमा सम्बन्धित तालुक निकायमा लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं.५: गाउँपालिका वडाको संख्या तथा सिमाना हेरफेर पुनराबलोकन सम्बन्धमा ।**

**निर्णय:** गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड २०८३ उपर छलफल गरियो । उक्त मापदण्ड अनुसार मालिका गाउँपालिका भित्र कायम रहेको वडाको संख्या तथा सिमानाका सम्बन्धमा पुनरावलोकन गर्नुपर्ने भए सम्बन्धित वडाले वडा भेला तथा वडा समितिको निर्णय सहित पालिकामा सिफारिस गर्ने । तथा मालिका गाउँपालिका भित्र सिमाना जोडिएका अन्य गाउँपालिका तथा वडा गाभिन आएमा गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.६: पर्यटन प्रबर्द्धन अभियान सञ्चालन सम्बन्धमा ।**

**निर्णय:** पर्यटन प्रबर्द्धन मालिकाको दिगो विकासको आधार भएकाले मालिका गाउँपालिकाको प्राकृतिक सौन्दर्य, धार्मिक तथा साँस्कृति सम्पदा, ऐतिहासिक स्थल, जैविक विविधता र ग्रामिण जिवन शैलिको प्रचार प्रसार गरी पर्यटन क्षेत्रलाई परिस्कृत गर्न लक्ष्मी जननी मिडिया हाउस सँगको समन्वयमा **मालिका पर्यटन प्रबर्द्धन अभियान २०८३** सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.७: करार म्याद थप सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिका तथा मातहतका निकायमा कार्यरत करार अस्थायी कर्मचारीहरुको करार म्याद करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मुल्याङकन तथा नयाँ अवधिका लागि करार सम्झौता सम्बन्धी मापदण्ड २०७८ बमोजिम कार्य सम्पादन मूल्याङ्कन गरी कार्य सम्पादनका आधारमा ६ महिनाका लागि करार म्याद थप गर्ने निर्णय गरियो ।